# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः ०३/०८०/०८१ मितिः२०८०/०५/१६

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

बैठक संख्या ०३/०८०/०८१ अर्जुनधारा नगरपालिका नगर कार्यपालिकाको बैठक मिति २०८०/०५/१६

मिति २०८० साल भाद्र १६ गते बसेको अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बैठकबाट निम्न बमोजिमका निर्णयहरु सर्वसम्मत रुपमा गरियो ।

१. समिक्षा सम्बन्धमा ।

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको बै.सं.०२/०८०/०८१ मिति २०८०/०४/३२ को निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२. आइ.इ.इ. प्रतिवेदन स्वीकृति तथा ठेक्का बन्दोवस्ती सम्बन्धमा ।

यस अर्जुनधारा नगरपालिका भएर बहने बिरिङ्ग, टाडटिङ्ग लगायतका नदीहरुबाट आर्थिक वर्ष २०८०/०८१ मा ढुङ्गा गिटी, बालुवा उत्खनन संकलनका सम्बन्धमा बिरिङ्ग नदी प्याकेज १ का लागि भोलेनाथ इञ्जिनियरिङ्ग डिजाइनर्स कन्सल्टेन्सी, बिर्तामोड तथा टाङटिङ नदी प्याकेज २ का लागि अल्टिमेट डिजाइन स्टुडियो एण्ड विल्डर्स प्रा.लि. अर्जुनधारा बाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।स्वीकृत प्रतिवेदन जम्मा ३०९६७५ घ.मि. नदीजन्य पदार्थको उत्खनन तथा विक्रीका लागि न्यूनतम कबोल रकम रु ६५४७३३४८/- (रु छ करोड चौवन्न लाख त्रियत्तर हजार तीन सय अड्चालिस मात्र) कायम गरी नदीजन्य पदार्थको उत्खनन, संकलन तथा बिक्री वितरणको ठेक्का बन्दोवस्तीका लागि ढुङ्गा, गिटी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ को अनुसुची (२) तथा अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्ती) कार्यविधि, २०७५ बमोजिम सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

३. अ.ल्या. रकमको बाँडफाँड सम्बन्धमा ।

अर्जुनधारा नगरपालिकाको विनियोजन ऐन, २०८० को दफा ४ को उपदफा (१) बमोजिम यस अर्जुनधारा नगरपालिकाको गत आर्थिक वर्ष २०७९/०८० को अन्त्यमा खर्च नभई बाँकी रहेको मौज्दात रकमलाई अनुसुचि (१) बमोजिमको कार्यक्रमहरुमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी बाँडफाँड गर्ने निर्णय गरियो ।

४. विविधः

१. अर्जुनधारा नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७५ बमोजिम के.के. कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. लाई घ वर्गको निर्माण व्यवसायी इजाजत दिने र जलजले कन्स्ट्रक्सन प्रा.लि. को नाम टप जलजले कन्स्ट्रक्सन प्रा.लि. कायम गर्ने निर्णय गरियो ।